नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेष्ठ २०६६(May 2009) वर्ष १३/अंक १४६

## ख्रीष्ट पुनरुत्थान तथा पाष्टर अभिषेक कार्यक्रम २००९

-डीकन दिल थापा

अप्रिल ११, २००९ (चैत्र २९, २०६५) नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चका लागि एक ऐतिहासिक दिन हो । त्यसैले पनि अविस्मरणीय दिन हो । लामो समयदेखिको प्रतीक्षा र प्रार्थनाको 'पूरा हुवाई' को महत्त्व यस दिनले बोकेको छ । नेइमका लागि हर्ष र उल्लास, रमाहट र उत्सुकताको दिन यही हो । मोशा पुस्ताले यहोशू पुस्तालाई अधिकार हस्तान्तरणको दिन, विश्राम लिने र जिम्मेवारी लिने दिन नेइमका लागि निश्चयनै गर्वको दिन यही हो । ख्रीष्टको मृत्यमाथि विजयको दिन हामी सबै विश्वासीको विजयको दिन ।

सबैको मुखमा हाँसो छ, जोश छ, तेज छ, उल्लास छ ! आज हामीले थप १२ जना पाष्टर गुरूबाहरू पाउँछौं । यो गुणात्मक वृद्धिको संकेत हो, प्रमाण हो १२ गुणा वृद्धि ! नेइम एकबाट चार र चारबाट तेह्रवटा आराधना सेवा संगतिमा वृद्धि भएको छ । तेह्रवटा सेवा संगतिको रेखदेख, हेरचाह र पालन पोषणका लागि तेह्रजना पाष्टर गुरूबा निश्चय बढी संख्या होइन चाहिँदो संख्या अवश्य हो ।

अप्रिल ११, २००९ शनिबारको संयुक्त आराधना सेवाको समय बिहान १०:३० तोकिएको थियो । स्थानीय मण्डलीहरूमा जानी जानी वा अन्जानमा सेवा १०:०० बजे शुरू हुनेछ भन्ने सूचना सम्प्रेषण गरिएकोले हुन सक्छ वा प्रतीक्षामा अधीरजी भएर हुन सक्छ तल माथि दुवै ठाउँ दशै बजेदेखि खचाखच देखिन्थे । विभिन्न स्थानीय मण्डलीहरूका लागि अलग-अलग ठाउँ तय गरि एको थियो । महिलाहरूका लागि मुख्य हल । वृद्धा, बाल बालिका, अशक्त, केटाकेटी, काखमा शिशु बोकेका महिलाहरूले भुईंतला तीलको गेडा अटाउने ठाउँ पनि नराखेर टन्न भरेका थिए । अझ खाँदिनलाई कति महिला जोड गर्दै थिए । सम्पूर्ण सहभागी विश्वासीजनमाझ चीर परिचित स्वर प्रस्फुटन भयो, 'खुशी हुनुहुन्छ ? आजसम्म एक्लो पाष्टरको ठाउँमा अब नेइमले १२ जना अरू पाष्टर पाएको छ । खुशी हुनुहुन्छ ?' सहभागीहरू किन चूप बस्थे ? गुरूबाको वाक्य सिद्धिन नपाई 'खुशी छौं, खुशी छौं, अति खुशी छौं ।' चारैतिर यही आवाज घन्कियो । कसैका आँखा खुशीले रसाए । धन्य त्यो दिन !

पाष्टर गुरूबाले पालैपालो पाष्टर अभिषेक हुन लाग्नुभएका एल्डर हरूको नाम बोलाउन थाल्नुभयो- श्री बीर बहादुर खवास, डा. राजेन्द्र कुमार रोंगोंग, श्री सलोन कार्थक, श्री महेश प्रसाद थाँजु, श्री लक्ष्मी प्रसाद न्यौपाने, श्री कृष्ण बहादुर (बर्णबास) श्रेष्ठ, श्री दफ्तन छिरिङ सादा, श्री एस. सोदेम्बा, श्री रोल्याण्ड छिरिङ लेप्चा रोंगोंग, श्री अशोक कुमार मुखिया, श्री सामुएल डन कार्थक, श्री प्रेम बहादुर श्रेष्ठ ।

मञ्चमा क्रमश: उभिनुभएका आदरणीय गुरूजनलाई पाष्टर गुरूबा रोबर्ट कार्थकले चार बुँदे साझा प्रण गर्न लगाउनुभयो । उक्त प्रणका बुँदाहरू निम्न प्रकार छन् :

१. येशू प्रभुले आफ्नै रगतको दाम तिरेर किन्नुभएको परमेश्वरको बगालको गोठालो हुनलाई प्रभुले तपाईंलाई बोलाउनुभएको कुरामा के तपाईं एकदमै निश्चित हुनुहुन्छ ?
२. एक दिन प्रभुलाई तपाईंको जिम्मामा दिइएको बगालको लेखा बुझाउनुपर्छ भन्ने जानेर बगालमाथि अधिकार जमाएर होइन तर बगालको निम्ति एउटा उदाहरण बनी उनीहरूको रेखदेखको काममा इमानदारीसाथ के तपाईं गोठालोको कर्तव्य निभाउनुहुन्छ ?
३. तपाईंलाई दिइएको अधिकारभित्र रहेर के तपाईं मण्डलीका सबै पवित्र विधिहरूको सेवकाई पूरा गर्नुहुन्छ ?
४. प्रभुको अनुग्रहमुनि रहेर पवित्र आत्माको सहायतासाथ यी प्रतिज्ञाहरू यथासक्य पालन गर्नेछु भनी परमेश्वरको उपस्थितिमा र यस मण्डलीकाअघि वचन दिनुहुन्छ ?

प्रण सुनेपछि शपथ खाँदा शायद कतिजना गुरूजनलाई लाग्यो होला जिम्मेवारी त्यति सहज छैन । तत् पश्चात् पाष्टर गुरूबाले सबै गुरूजनका लागि सामूहिक अभिषेकको प्रार्थना गरिदिनुभयो । नव अभिषिक्त पाष्टरहरूलाई प्रमाण-पत्र पनि प्रदान गरियो । पाष्टर गुरूबाले हात मिलाएर सबै पाष्टरलाई बधाई ज्ञापन गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा पाष्टर सलोन कार्थकले गुरूबालगायत सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**उक्त दिन पाष्टर गुरूबाले मण्डली समक्ष राख्नुभएको प्रवचनको सार:**

पुरानो नियममा इस्राएलीहरूले परमेश्वरको आराधना गरेको घटनालाई स्मरण गराउँदै पाष्टर गुरूबाले भन्नुभयो, - प्रधान पूजाहारीले वर्षमा एकपल्ट महापवित्र स्थानमा सम्पूर्ण इस्राएलीहरूका लागि प्रायश्चितको बलि चढाउने कुरा त्यति सजिलो थिएन । यो जोखिमपूर्ण, जिम्मेवारपूर्ण कार्य थियो तर पनि प्रधान पूजाहारीले वर्षेनी यो गर्नैपर्थ्यो । रगत महापवित्र स्थानमा चढाइन्थ्यो तर शरीर छाउनीबाहिर जलाइन्थ्यो । येशूले शहरबाहिर दु:ख भोग्नुभयो । छाउनीबाहिरको अनुभूतिबिना छाउनीभित्रको पवित्रताको अनुभव गर्न सकिन्न । येशूले यी दुवै अनुभव गर्नुभएको थियो । हामी सधैं छाउनी/शहरबाहिरै रहौं, यो प्रभुको अभिप्राय होइन ।

हिब्रू ११:९ झैं उजाड-स्थानमा हामी प्रवासी रहेको प्रभु चाहनुहुन्न । दूध र मह बग्ने देशको प्रतिज्ञा हकदावीका लागि हो । हामी सबै विश्वासीका लागि हो । येशूले हामीलाई त्यस देशको अनुभवमा पुऱ्याउनुहुन्छ ।

येशूले 'मेरो पछि लाग' भन्नुभयो । क्रूस छोडेर येशूको पछि लाग्नु अर्थहीन यात्रा हुनेछ । हामी क्रूसद्वारा बाँचेका ख्रीष्टियानहरू क्रूसबाट अलग रहेर हिँड्न मिल्दैन । पालको जीवनबाट प्रतिज्ञाको जीवनमा प्रभुले हामीलाई प्रवेश गराउनुहुन्छ । शहरको जीवन बिताउनलाई पालको जीवनबाट नै सिक्नुपर्छ । थुमाको जीवनको पुस्तकमा नाम नलेखिएका वा घृणित काम गर्नेले त्यस नयाँ प्रतिज्ञाको शहरमा प्रवेश पाउनेछैन (प्रकाश २१:२७) । 'हामीले त्यस शहरमा प्रवेश गरौं' यो येशूको चाहना हो । यसैकारण उहाँले ढोकाबाहिर शासना भोग्नुभयो (हिब्रू १३:१२), हामीलाई नयाँ यरूशलेममा प्रवेश गराउनलाई । गुरूबा भन्दैहुनुहुन्थ्यो, 'वास्तवमा नयाँ यरूशलेम हामी नै हौं ।'

नव नियुक्त, नव अभिषिक्त पाष्टरहरू र मण्डली बीचको सम्बन्धबारे हिब्रू १३ अध्यायबाट पाष्टर गुरूबाले दुवै पक्षलाई होशियार गराउनुभयो ।

हिब्रू १३:७,८,९ अनुसार पाष्टरहरूको काम परमेश्वरको वचन सुनाउने हो । मण्डलीको काम उहाँहरूको सम्झना राख्नु हो ।

हिब्रू १३:१७ अनुसार पाष्टरहरूको काम मण्डलीको रेखदेख गर्नु हो तर मण्डलीको कामचाहिँ अगुवाजनको आज्ञा पालन गर्नु र उहाँहरूको अधिकार मुनि रहनु हो । हिब्रू १३:२४ अनुसार पाष्टरहरूको जीवनबाट पवित्रता झल्कनुपर्छ । मण्डलीले उहाँहरूको स्वागत-सत्कार गर्नुपर्छ ।

अन्तमा पाष्टर गुरूबाले अन्तिम प्रार्थना गरी नव अभिषिक्त पाष्टरहरूलाई हिब्रू १३:२० र २१ अनुसार सामूहिकरूपमा मण्डलीलाई आशीर्वाद दिन लगाउनुभयो । गुरूबा आज झन् प्रसन्न मुद्रामा देखिनुभएको थियो । शायद हल्का महसुस भएर होला । समग्रमा कार्यक्रम आशिषमय थियो ।

नेपाली इसाई मण्डली परिवार नव नियुक्त, नव अभिषिक्त पाष्टरहरूप्रति बधाई ज्ञापन गर्दै मण्डलीप्रतिको जिम्मेवारीलाई प्राथमिकता दिँदै प्रभुको काममा सदा तत्पर रहून् भन्ने शुभकामना व्यक्त गर्दछ ।

# हार्दिक बधाई



आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थक

**२०६५ चैत्र २९ गते, अप्रिल ११ ता. २००९ शनिबार संयुक्त आराधना सेवामा नेइम ज्ञानेश्वर मण्डलीमा आदरणीय पाष्टर रोबर्ट कार्थकज्यूद्वारा अभिषेक गरिनुभएका बाऱ्हजना नव पाष्टरहरू:**

## नेइम ज्ञानेश्वर मण्डली



पाष्टर
सलोन कार्थक



पाष्टर
अशोक मुखिया



पाष्टर
सामुएल डन कार्थक

## मिनिष्ट्री एट् लार्ज



पाष्टर
महेश प्रसाद थाँजु

## नेइम ललितपुर मण्डली



पाष्टर
डा.राजेन्द्र रोंगोंग



पाष्टर
बीर बहादुर खवास



पाष्टर
दफ्तन सादा



पाष्टर
रोल्याण्ड रोंगोंग

## नेइम जोरपाटी मण्डली



पाष्टर
एस. सोदेम्बा



पाष्टर
प्रेम श्रेष्ठ

## नेइम गोंगबूँ मण्डली



पाष्टर
एल.पी.न्यौपाने



पाष्टर
बर्णबास श्रेष्ठ

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर |
| | | महिनामा दुईपल्ट | जोरपाटी, गोगबूँ |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाडलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख २६ गते, मे ९ ता. | पाष्टर सामुएल कार्थक | श्री स्टिफन राई | डीकनेस् सीता गुरूङ्ग | पाष्टर रोबर्ट कार्थक | पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती रश्मिला तामाङ्ग | डीकन सागर थापा | डीकन घनश्याम दाहाल | डीकन दानिएल सापकोटा | डीकन श्यामकृष्ण रंजित | श्री जय सिंह |
| जेष्ठ २ गते, मे १६ ता. | डीकन सामुएल क्षेत्री | डीकन गोपाल शर्मा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् श्रीलक्ष्मी सैंजु | डीकन अर्जुन ढकाल | डीकन जमान तामारू | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | पाष्टर रोल्याण्ड रोंगोंग | श्रीमती ज्ञानु खड्का |
| जेष्ठ ९ गते, मे २३ ता. | डीकन दिनेश न्यौपाने | पाष्टर राजेन्द्र रोंगोंग श्री स्टिभ नोबल्स् | डीकन सागर थापा | पाष्टर सामुएल कार्थक | डीकन रूबेन श्रेष्ठ | पाष्टर अशोक मुखिया | श्री राज गुरूङ्ग | श्री सुरेश पुरकोटी | श्रीमती रूष लामा | डीकनेस् सीता गुरूङ्ग | श्रीमती मीरा गुरूङ्ग |
| जेष्ठ १६ गते, मे ३० ता. | पाष्टर अशोक मुखिया | पाष्टर महेश थाँजु | पाष्टर एस. सोदेम्बा | श्री प्रशान्त सिंह | श्रीमती गंगा श्रेष्ठ | श्री मान बहादुर मगर | श्री कृष्ण श्रेष्ठ | डीकन सामुएल क्षेत्री | डीकन गोपी राई | डीकन दिल थापा | श्री निरज बोहोरा |
| जेष्ठ २३ गते, जुन ६ ता. | पाष्टर रोबर्ट कार्थक | पाष्टर बि.बि. खवास | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री दीप राई | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर एस. सोदेम्बा | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

## प्रार्थनाको निम्ति अनुरोध

आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थक वैशाख ३१ गते/मे १४ ता.बिहीबार बेलायतको नेपाली संगतिहरूमा वचनको सेवकाईको लागि जाँदैहुनुहुन्छ । उहाँ जुन २ ता./जेष्ठ १९ गते सोमबार काठमाडौं फर्कनुहुनेछ । उहाँको यात्रा र सेवकाईको लागि प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

## हार्दिक बधाई



तानसेन नर्सिङ स्कूलका प्रमुख **श्रीमती शकुन्तला थाँजु**ले जापान सरकारको नेशनल इन्स्टिच्यूट अफ् पब्लिक हेल्थबाट पी.एच.डी.(विद्यावारिधी) को उपाधी हासिल गर्नुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## हार्दिक बधाई



श्री अष्ट काजी श्रेष्ठ
र
सुश्री कला श्रेष्ठ

वैशाख १ गते/अप्रिल १४ ता. मंगलबार मलेपु चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



श्री राजु खड्का
र
सुश्री अनिका राउत

वैशाख १४ गते/अप्रिल २७ ता. सोमबार चाकु ख्रीष्टिय मण्डली बाहबिसेमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मे महिनाको कार्यक्रम

- वैशाख २० गते २०६६/मे ३ ता. २००९ आइतबार **नेइम परिषद्को बैठक** बिहान १०:०० बजे नेइम गोंगबूँ मण्डलीमा
- जेष्ठ ४-६ गते/मे १८-२० ता.सोमबारदेखि बुधबारसम्म **अगापे मिशन सम्मेलन** ज्ञानेश्वर मण्डलीमा
- जेष्ठ ७-८ गते/मे २१-२२ ता. बिहीबारदेखि शुक्रबार शाखा/आबद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूको निम्ति **नेतृत्व विकास तालिम** ज्ञानेश्वर मण्डलीमा
- जेष्ठ १ गते/मे १५ ता. शुक्रबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा

## जानकारी

१. चैत्र २२ गते/अप्रिल ४ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीको २८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. चैत्र ३० गते/अप्रिल १२ ता. आइतबार नेइम जोरपाटी मण्डलीको २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. वैशाख १२ गते/अप्रिल २५ ता. शनिबार नेइम ललितपुर मण्डलीको १४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२०** **3** नेपालका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं । यहोशू १:६-९ | **२७** **10** नेपालका सबै मण्डलीहरू बीच एकता आएको र आवश्यक परेको समयमा एकअर्कालाई प्रेममा सहायता पुऱ्याउनेहरू हुन सकून् । रोमी १५:२२-२३ | **३** **17** नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् । कलस्सी २:६-७ | **१०** **24** इस्राएल देशमा रहेका यहूदीहरूले प्रभु येशूलाई मुक्तिदाताको रूपमा चिनेर आफ्नो हृदयमा बोलाउन सकून् । यर्मिया ३१:१२-१४ | **१७** **31** नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् । फिलिप्पी २:१०-११ |
| **सोमबार MONDAY** | **२१** **4** हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् । यूहन्ना १४:१२-१४ | **२८** **11** परमप्रभुले प्रतिज्ञा गर्नुभएको कुराहरू पूरा हुनको लागि मण्डलीको विश्वास परमप्रभुमाथि अझै बढेर गएको होस् । हिब्रू ११:१ | **४** **18** आजदेखि शुरू हुने अगापे मिशन सम्मेलनमा परमेश्वरबाटको आशिष मागिदिऔं । प्रेरित १:४-८ | **११** **25** हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ, सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यका साथ पूरा गर्न सकौं । एफिसी ४:१ | **१८** **June 1** विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाईमा परमेश्वरबाटको प्रशस्त आशिष् र उन्नति मागिदिऔं । व्यवस्था २८:८-१३ |
| **मंगलबार TUESDAY** | **२२** **5** पूर्णकालिन सेवारतसेवक/सेविकाहरूको सेवकाई अझ बोझ, दर्शन समर्पणता र पवित्र आत्माको अभिषेक मागिदिऔं । भजनसंग्रह ५७:२ | **२९** **12** विभिन्न काम व्यवसाय गर्ने विश्वासीहरूले आफ्नो कामद्वारा परमेश्वरलाई सधैं महिमा दिन सकून् । कलस्सी ३:२३-२४ | **५** **19** मण्डलीका सबै विश्वासीहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउने क्षेत्रमा अझै बो र दर्शनसाथ लागिपर्न सकौं । मत्ती २८:१६-२० | **१२** **26** अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजय हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् । २ तिमोथी ३:१०-१५ | **१९** **2** झूटा शिक्षाको आत्मालाई चिन्ने ज्ञान मण्डलीका सबैलाई पवित्र आत्मा परमेश्वरले दिनुभएको होस् । २ यूहन्ना ७-१० |
| **बुधबार WEDNESDAY** | **२३** **6** घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने-बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून् । १ पत्रुस ५:२-४ | **३०** **13** धुम्रपान, मद्यपान, लागुपदार्थ दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुटकाराको लागि प्रार्थना गरिदिऔं । भजनसंग्रह ६०:११-१२ | **६** **20** मण्डलीबाट आउँदा दिनहरूमा अझ धेरैले देशभित्र र देशबाहिर मिसनेरी भएर जानको लागि प्रभुबाट बोलावट पाउन सकून् । यशैया ६:८ | **१३** **27** मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् । प्रकाश ३:१५-१६ | **२०** **3** पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुटकारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं । भजनसंग्रह ३०:११-१२ |
| **बिहीबार THURSDAY** | **२४** **7** प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् । भजनसंग्रह ८४:१-१२ | **३१** **14** भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं । १ यूहन्ना ५:१४-१५ | **७** **21** मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् । अय्यूब १:१-५ | **१४** **28** मण्डलीका प्रत्येक जवानहरू आफ्नो जीवन प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसार कुराबाट अलग राख्न सकून् । १ यूहन्ना २:१५-१७ | **२१** **4** भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं । १ यूहन्ना ५:१४-१५ |
| **शुक्रबार FRIDAY** | **२५** **8** शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वासीहरूको लागि प्रभुबाटको सुरक्षा र वृद्धि मागिदिऔं । यशैया ४२:६-७ | **१ जेष्ठ** **15** ख्रीष्टको नाउँको खातिर दु:ख, कष्ट भोगिरहेकाहरूको निम्ति बल, साहस साथै स्थिर रहनको निम्ति परमेश्वरको अनुग्रह मागिदिऔं । फिलिप्पी १:२७-२९ | **८** **22** भोलि आराधना सेवामा प्रचारिने वचन र मण्डलीको निम्ति आशिष मागौं । १ कोरिन्थी २:४-५ | **१५** **29** भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् । २ इतिहास २०:२१-३० | **२२** **5** भोलि नेपालभरि हुने आराधना सेवामा परमेश्वरसँग सबैको भेट भएको होस् । हितोपदेश ८:३२-३६ |
| **शनिबार SATURDAY** | **२६** **9** आराधना सेवामा आउनेहरू सबै सधैं आत्मा, मन र शरीरको तयारीमा आउन सकून् र परमेश्वरको आशिष् सबैले सधैं पाउन सकून् । भजनसंग्रह ९५:१-७ | **२** **16** मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै सत्यतामा गरिदै जान सकौं । मत्ती ६:१-८ | **९** **23** बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरूले बोझ र दर्शन लिएर बाल बालिकाहरूलाई प्रभुमा अझै डोऱ्याउँदै जान सकून् । भजनसंग्रह ७८:१-८ | **१६** **30** विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली जातिहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् । २ कोरिन्थी ५:१४-२१ | **२३** **6** अधुरा घर-घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् । यशैया ४५:१५-२३ |



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nepalisaimandali.org